## नेपाल उद्योग वाणिज्य महासंघको ४२ औं वार्षिक साधारण सभा र निर्वाचन कार्यक्रम सम्वन्धी सूचना

२०६४ चैत्र १३ गते बस्ने यस महासंघको ४२ औं वार्षिक साधारण सभाले गर्ने निर्वाचन सम्बन्धमा अध्यक्ष, उपाध्यक्षहरु र कार्यकारिणी समितिका सदस्यहरुको निर्वाचन गर्ने वारे यस अघिनै महासंघको सचिवालयबाट परिपत्र र सूचना पठाइ सकिएको छ । निर्वाचन अधिकृतबाट देहाय बमोजिम निर्वाचन कार्यक्रम तालिका तय भएकोले महासंघका सवै सदस्य संघ/संस्थाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ :

(१) महासंघको अध्यक्ष, उपाध्यक्षहरु र कार्यकारिणी समितिको निर्वाचनमा उम्मेदवार मनोनयन गर्न चाहने सदस्य संघ/संस्थाहरुले २०६४ चैत्र ६ गते सांझ ६:०० बजे भित्र महासंघको सचिवालयमा रीतपूर्वक उम्मेदवारी दर्ता गराइ सक्नु पर्नेछ ।

(२) चैत्र ६ गते भित्र फ्याक्सबाट मनोनयन दर्ता गराउने संघ/संस्थाहरुले २०६४ चैत्र १० गते सांझ ६:०० बजे भित्र मनोनयन प्रतिलिपि पत्रको सक्कल, निर्णयको प्रमाणित प्रतिलिपि र लाग्ने शुल्क अनिवार्य रुपमा महासंघको सचिवालयमा पेश गरि सक्नु पर्ने छ ।

(३) २०६४ चैत्र ६ गते भित्र दर्ता भएमा उम्मेदवारहरुको २०६४ चैत्र १० गते सांझ ६ बजे सम्म आइ पुगेका सक्कल कागजात र शुल्क प्राप्ति आदि समेत रुजु गरी सोहि दिन सांझ ६ बजे पछि उम्मेदवारको पहिलो नामावली प्रकाशित गरिने छ ।

(४) २०६४ चैत्र १० गते सांझ ६:०० बजे प्रकाशित उम्मेदवारको नामावलीमा कुनै संशोधन वा कुनै दावी विरोध पेश गर्नु पर्ने भएमा २०६४ चैत्र ११ गते अपरान्ह ३:०० बजे भित्र महासंघको सचिवालयमा लिखित विवरण पेश गर्न सकिने छ ।

(५) २०६४ साल चैत्र १२ गते सांझ ५:०० बजे भित्र तोकिएको ढांचामा महासंघको सचिवालयमा रहेको निर्वाचन सचिवालयमा निवेदन दिई उम्मेदवारबाट आफ्नो नाम फिर्ता लिन सक्ने छन् ।

(६) २०६४ चैत्र १२ गते सांझ ६:०० बजे पछि उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशित गरिने छ ।

(७) २०६४ चैत्र १३ गते विहान १०:०० बजे वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा मतदाताहरुको नामावली प्रकाशित गरिने छ ।

(८) प्रकाशित मतदाता नामावलीमा कुनै संशोधन वा कुनै जिकीर गर्नु पर्ने भएमा २०६४ चैत्र १३ गते विहान ११:०० बजे भित्र लिखित विवरण पेश गर्नु पर्ने छ ।

(९) २०६४ चैत्र १३ गते विहान ११:०० बजे प्रकाशित मतदाता नामावली माथि परेको दावी विरोध माथि आवश्यक छानविन गरी चैत्र १३ गते अपरान्ह १२:०० बजे अन्तिम मतदाता नामावली प्रकाशित गरिने छ ।

(१०) २०६४ चैत्र १३ गते उद्घाटन समारोह पश्चात मतदान कार्यक्रम शुरु गरिनेछ ।

(११) मतदानको कार्यक्रम सकिनासाथ मतगणनाको शुरुवात गरिनेछ ।

**सपना प्रधान**
मुख्य निर्वाचन अधिकृत
नेपाल उद्योग वाणिज्य महासंघ